

पछाडिको भाग र थुन वरिपरि गिर्खा देखिएको

## फार्मको सुरक्षा कसरी गर्ने ?

१. खोप लगाएर– प्रभावकारी खोप लगाएको तीन हप्ता भित्रमा रोग विरुद्ध पूर्ण सुरक्षा प्राप्त हुन्छ।
   - संक्रमित हुनु अघि नै गाईभैंसीलाई खोप लगाउनु पर्छ।
   - खोपले कहिलेकाहीँ केही गाईभैंसीमा निम्न अनुसारका प्रतिक्रियाहरु देखाउन सक्छः
     - खोप लगाएको ठाउँमा हलुका सुन्निन्छ, जुन १–२ हप्ता भित्रमा आफै हराएर जान्छ।
     - छोटो समयको लागि ज्वरो आउनुका साथै केही दिन दूध उत्पादन घट्न सक्दछ।
     - शरीर वा थुनमा साना गिर्खाहरु देखिन सक्छ जुन छिट्टै हराउँदछन्।

२. विश्वसनीय स्रोतहरुबाट गाईभैंसी खरिद गर्नुपर्दछ। गाईभैंसी खरिद गरी ल्याएमा २८ दिनसम्म बथानबाट अलग्गै राख्नुपर्दछ। रोगको प्रकोपको समय रोग लागेको ठाउँबाट गाईभैंसी ल्याउनु हुँदैन।

३. गोठलाई झिंगा, लामखुट्टे तथा अन्य किराहरूबाट मुक्त राख्न सरसफाइमा ध्यान दिनुपर्दछ र आवश्यकता अनुसार उपयुक्त कीट विकर्षकको प्रयोग गर्नुपर्दछ।

४. गोठ वरिपरि पानी जम्न दिनु हुँदैन।

५. फार्ममा जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्दछ।

*थप जानकारीका लागि*
**पशु सेवा विभाग**, हरिहरभवन
फोन नं: ०१-५५२१६१०,०१-५५२५४७८, ०१-५५२२०५६
वेभ: www.dls.gov.np

Food and Agriculture Organization of the United Nations

# लम्पी स्किन रोगबारे जानकारी



किसानको लागि

## परिचय

- यो रोग गाईभैंसीमा देखिन्छ।
- यो रोग मानिसहरूमा सर्दैन।
- गर्मी मौसममा टोक्ने झिंगा (डाँस), लामखुट्टे, किर्ना जस्ता किराहरूको संख्या बढी तथा थप सक्रिय हुने हुनाले यस रोगको प्रकोप बढी देखिन्छ।
- दूध उत्पादनमा तीव्र गिरावट आउँदछ।
- प्रजनन् समस्या आउने तथा गर्भपतन हुन सक्दछ।
- भैंसीको छालाको गुणस्तरमा ह्रास आउँदछ।
- वजन घट्ने र कहिलेकाहीं मृत्यु समेत हुन सक्दछ।
- गाईभैंसीहरूको ओसारपसार तथा व्यापारमा प्रतिबन्ध गर्नुपर्ने हुँदा थप आर्थिक नोक्सानी हुने गर्दछ।



शरीरभरि गिर्खा देखिएको गाई

## रोग सर्ने तरिका

- लामखुट्टे, टोक्ने झिंगा र किर्ना जस्ता किराहरूको टोकाइबाट,
- संक्रमित गाईवस्तुहरूको ओसारपसारबाट,
- सामुदायिक चरन क्षेत्र तथा दाना तथा पानी खाने ठाउँहरूबाट,
- प्राकृतिक वा कृत्रिम गर्भाधानबाट,
- पशु उपचार गर्ने क्रममा फरक गाईभैंसीहरूमा एउटै सुइको प्रयोगबाट,
- कहिलेकाहीं प्रत्यक्ष सम्पर्कबाट

## लक्षणहरू

संक्रमित गाईभैंसीले निम्न अनुसारका लक्षणहरू देखाउँदछन्:

- उच्च ज्वरो (१०४ डिग्री फरेनहाइट भन्दा माथि), दाना पानी कम खाने र दूध उत्पादन घट्दछ।
- छालामा १-५ सेन्टिमिटरको साह्रो गोलो गिर्खाहरू (सामान्यतया सुरुमा टाउको र घाँटीमा) देखिन्छ। लामो रौं भएको गाईभैंसीमा गिर्खाहरू सजिलै देखिदैनन। जिउ छाम्दा तथा पानीले भिजेको अवस्थामा मात्र पत्ता लगाउन सकिन्छ।
- सामान्य संक्रमणमा गिर्खाहरूको संख्या थोरै र गम्भीर संक्रमणहरूमा पूरै शरीर ढाक्ने गरी हुन सक्दछ।
- गिर्खाहरू केही समयपछि हराउन सक्छन् तर कहिलेकाहीं गिर्खाहरू फुटेर गहिरो घाउ भई किरा तथा झिंगाहरूले (औसा) घाउलाई थप जटिल बनाउन सक्दछन्।
- थुतुनो, मुख र नाकभित्र घाउ देखिन्छन्।



भैंसीको शरीरभरि साना साना गिर्खाहरु देखिएको



गिर्खा फुटेपछिको घाउँ

- आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउछ।
- र्‍याल काढ्छ।
- लिम्फ नोडहरू सुन्निने हुन्छ।
- केही संक्रमित गाईभैंसीहरूले कुनै पनि लक्षण नदेखाउन सक्छन्।

## उपचार

यो रोगको प्रभावकारी उपचार छैन। रोग लाग्न नदिनुनै उत्तम उपाय हो।

## रोगको शंका लागेमा के गर्ने ?

गाईभैंसीहरूको नियमित निरीक्षण गर्नुहोस् र पशुहरूमा रोग लागेको शंका भएमा सम्बन्धित निकायमा जानकारी गराउनुहोस्।

- रोगको प्रकोपको समयमा वा जोखिममा रहेका क्षेत्रमा पर्ने गाईभैंसीहरूको दैनिक निरीक्षण गर्नु पर्छ।
- पशुहरूलाई रोग लागेको शंका भएमा तुरुन्त प्राविधिक, स्थानीय तहको पशु सेवा शाखा, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशु सेवा विभाग र अन्तर्गतका निकायलाई जानकारी दिनुहोस्।
- लम्पी स्किन रोग भएको अवस्थामा पशुहरूको ओसारपसार तुरुन्त रोक्नु पर्छ।